# राष्ट्रिय मानव अधिकार आयोग
## पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगका लागि)

२०७० पौष २३ गते

### अधिकारकर्मी कुटिएको भनिएको घटनाको अनुसन्धान प्रारम्भ

विराटनगर ।

महिला मानव अधिकार रक्षक सञ्जाल पाँचथरका सदस्य श्रीमति ज्ञानु दुलाललाई प्रहरीद्वारा कुटपीट तथा दुर्व्यवहार गरेको भनिएको घटनाको राष्ट्रिय मानव अधिकार आयोगले स्वयं जानकारीमा लिई *(suo–moto)* यातना तथा दुर्व्यवहार विरुद्धको अधिकार अन्तर्गत् अनुसन्धान प्रारम्भ गरेको छ । विभिन्न सञ्चार माध्यममा उल्लेखित समाचार अनुसार, अधिकारकर्मी दुलाललाई जिल्ला प्रहरी कार्यालय, पाँचथर परिसरमा ड्युटीमा खटिएका प्रहरी जवानले कुटपीट गरी घाइते बनाएको र हाल उनको स्थानीय एक अस्पतालमा उपचार भइरहेको छ ।

अनुसन्धानको क्रममा आयोगले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, पाँचथरलाई घटनाको बारेमा छानवीन गरी ७ दिन भित्र आयोगलाई जानकारी गराउन पत्राचार गरेको छ ।

कोषराज न्यौपाने
कार्यालय प्रमुख


फोन नं. ०२१-४६१९३१, ४६१०९३ फ्याक्स नं. ००९७७-०२१-४६११०० पो.ब.नं. १८७ विराटनगर, नेपाल,
इमेलः nhrcbrt@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org